# सुदूरपश्चिम विश्वविद्यालय

महेन्द्रनगर, कञ्चनपुर

# सम्बन्धन कार्यविधि, २०७४

# सुदूरपश्चिम विश्वविद्यालय
# सम्बन्धन कार्यविधि, २०७४

## विषयसूची


| परिच्छेद नं. | विषय | पेज नं. |
|---|---|---|
| प्रस्तावना | | १ |
| परिच्छेद १ | प्रारम्भिक | १ |
| परिच्छेद २ | सम्बन्धन तथा आवेदन | ३ |
| परिच्छेद ३ | सम्बन्धन प्राप्त क्याम्पसहरूको काम, कर्तव्य र अधिकार | ८ |
| परिच्छेद ४ | सम्बन्धन प्राप्त क्याम्पसहरूको समायोजन, सम्बन्धन स्थगन वा खारेजी सम्बन्धी व्यवस्था | १० |
| परिच्छेद ५ | अक्षयकोष तथा शुल्क सम्बन्धी व्यवस्था | १२ |
| परिच्छेद ६ | भौतिक पूर्वाधार तथा मानव संशाधन सम्बन्धी व्यवस्था | १३ |
| परिच्छेद ७ | विविध | १४ |
| अनुसूचीहरू | | |
| अनुसूची १ | सम्बन्धनका लागि तोकिएका मापदण्डहरू | १६ |
| अनुसूची २ | सम्बन्धनका लागि आवेदनको ढाँचा | १८ |
| अनुसूची ३ | सम्बन्धन सम्भाव्यता अध्ययन फारामको ढाँचा | २० |
| अनुसूची ४ | सम्बन्धनको मूल्याङ्कनको आधार र अङ्क विभाजन | ३१ |

# सुदूरपश्चिम विश्वविद्यालय

# सम्बन्धन कार्यविधि, २०७४

**प्रस्तावना :**

सुदूरपश्चिम विश्वविद्यालयको स्थापनाको उद्देश्य प्राप्तिका लागि यस विश्वविद्यालयले कला, विज्ञान, व्यवस्थापन, मानविकी, शिक्षा, प्रविधि, स्वास्थ्य विज्ञान, कनून र प्राकृतिक स्रोत व्यवस्थापन तथा अन्य व्यावसायिक विषयमा निजी तथा सामुदायिक रूपमा क्याम्पस सञ्चालनको लागि प्रदान गरिने सम्बन्धनलाई पारदर्शी बनाउन र बहुविश्वविद्यालयको अवधारणा अनुरूप प्रतिस्पर्धाको आधारमा उच्च शिक्षाको गुणस्तर अभिवृद्धि गर्न तथा यस विश्वविद्यालयबाट सम्बन्धन लिई निजी तथा सामुदायिक रूपमा सञ्चालन हुने क्याम्पसहरूलाई प्रदान गरिने सम्बन्धन सम्बन्धी नीति कार्यान्वयमा प्रभावकारिता ल्याउन, सुदूरपश्चिम विश्वविद्यालय संगठन तथा शैक्षिक प्रशासन नियमावली, २०६९ मा सम्बन्धन सम्बन्धमा गरिएको व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सुदूरपश्चिम विश्वविद्यालय संगठन र शैक्षिक प्रशासन नियमावली, २०६९ को नियम १८९ ले दिएको अधिकार प्रयोग गरी सुदूरपश्चिम विश्वविद्यालय कार्यकारी परिषद्ले यो कार्यविधि बनाई लागु गरेको छ ।

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो कार्यविधिको नाम "सुदूरपश्चिम विश्वविद्यालय सम्बन्धन कार्यविधि, २०७४" रहेको छ ।

(२) यो कार्यविधि कार्यकारी परिषद्ले स्वीकृत गरेको मितिदेखि लागु हुनेछ ।

**२. परिभाषा :**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) 'ऐन' भन्नाले सुदूरपश्चिम विद्यालय ऐन, २०६७ सम्झनु पर्दछ ।

(ख) 'नियम' भन्नाले सुदूरपश्चिम विश्वविद्यालय संगठन र शैक्षिक प्रशासन नियमावली, २०६९ सम्झनु पर्दछ ।

(ग) 'कार्यविधि' भन्नाले सुदूरपश्चिम विश्वविद्यालय सम्बन्धन सम्बन्धी कार्यविधि विनियम, २०७४ सम्झनु पर्दछ ।

(घ) 'विश्वविद्यालय' भन्नाले सुदूरपश्चिम विश्वविद्यालय सम्झनु पर्दछ ।

(ङ) 'कार्यकारी परिषद्' भन्नाले सुदूरपश्चिम विश्वविद्यालय ऐन, २०६७ बमोजिम गठित कार्यकारी परिषद् सम्झनु पर्दछ ।

(च) 'सङ्काय' भन्नाले सुदूरपश्चिम विश्वविद्यालय अन्तर्गतका विभिन्न सङ्कायहरू सम्झनु पर्दछ ।

(छ) 'विद्यापरिषद्' भन्नाले सङ्कार्यहरूको विद्यापरिषद् सम्झनु पर्दछ ।

(ज) 'टोली' भन्नाले सम्बन्धनको अध्ययन तथा सिफारिस गर्ने टोली सम्झनु पर्दछ ।

(झ) 'डीन' भन्नाले सङ्कार्यको डीन सम्झनु पर्दछ ।

(ञ) 'निर्देशनालय' भन्नाले सुदूरपश्चिम विश्वविद्यालयको नियम अन्तर्गतको निर्देशनालय सम्झनु पर्दछ ।

(ट) 'निर्देशक' भन्नाले सुदूरपश्चिम विश्वविद्यालयको निर्देशनालयहरूको निर्देशक सम्झनु पर्दछ ।

(ठ) 'क्याम्पस' भन्नाले विश्वविद्यालयबाट सम्बन्धन प्राप्त क्याम्पस सम्झनु पर्दछ ।

(ड) 'क्याम्पस प्रमुख' भन्नाले सम्वन्धन प्राप्त क्याम्पसका प्रमुख वा प्राचार्य सम्झनु पर्दछ ।

(ढ) 'सञ्चालक समिति' भन्नाले सम्बन्धन प्राप्त क्याम्पसहरूको सञ्चालक समिति सम्झनु पर्दछ ।

(ण) 'विद्यार्थी' भन्नाले सम्बन्धन प्राप्त क्याम्पसहरूमा सञ्चालित निश्चित शैक्षिक कार्यक्रमहरूमा अध्ययनरत विद्यार्थीहरू सम्झनु पर्दछ ।

(त) 'विधान' भन्नाले सम्बन्धन प्राप्त निजी तथा सामुदायिक क्याम्पस सञ्चालन गर्ने उद्देश्यले सुदूरपश्चिम विश्वविद्यालयद्वारा स्वीकृत विधान सम्झनु पर्दछ ।

(थ) 'विनियम' भन्नाले सम्बन्धन प्राप्त निजी तथा सामुदायिक क्याम्पस सञ्चालन गर्ने उद्देश्यले विधान अन्तर्गत रही जारी गरिएको विनियम सम्झनु पर्दछ ।

(द) 'प्रबन्धपत्र तथा नियमावली' भन्नाले प्रचलित कानुन बमोजिम कम्पनीको रूपमा दर्ता भई सम्बन्धित निकायबाट स्वीकृत प्रबन्धपत्र तथा नियमावलीलाई सम्झनु पर्दछ ।

(ध) 'संगठित संस्था' भन्नाले प्रचलित नेपाल कानुन बमोजिम अधिकार प्राप्त निकायमा संगठित संस्थाको रूपमा दर्ता भएको वा प्रचलित कानुन बमोजिम मान्यता प्राप्त संगठित संस्थालाई सम्झनु पर्दछ ।

(न) 'सामुदायिक क्याम्पस' भन्नाले सामुदायिक क्याम्पसको रूपमा स्थापित क्याम्पसलाई सम्झनु पर्दछ ।

(प) 'निजी क्याम्पस' भन्नाले निजी स्तरमा सञ्चालित क्याम्पस सम्झनु पर्दछ ।

(फ) 'विदेशी शैक्षिक संस्थाबाट सञ्चालित क्याम्पस' भन्नाले यस कार्यविधि बमोजिम विदेशी शैक्षिक संस्थाको शैक्षिक तथा अनुसन्धान कार्यक्रम सञ्चालन गर्ने क्याम्पसलाई सम्झनु पर्दछ ।

(ब) 'प्राविधिक तथा अप्राविधिक क्याम्पस' भन्नाले इन्जिनियरिङ्ग अध्ययन सङ्काय, स्वास्थ्य विज्ञान सङ्काय, अन्तर्गतका विषयहरू र कृषि विज्ञान लगायत प्राकृतिक स्रोत व्यवस्थापन संकायका विषयहरू सञ्चालन गर्ने क्याम्पसहरू एवम् नेपाल सरकार तथा सुदूरपश्चिम विश्वविद्यालयले प्राविधिक विषय भनी तोकेका अन्य विषयहरू सञ्चालन गर्ने

क्याम्पसहरूलाई प्राविधिक र सो बाहेक अन्य विषयहरू सञ्चालन गर्ने क्याम्पसहरूलाई अप्राविधिक क्याम्पस सम्झनु पर्दछ ।

## परिच्छेद २

## सम्बन्धन तथा आवेदन

**३. सम्बन्धन :**

(१) सुदूरपश्चिम विश्वविद्यालयको सङ्काय अन्तर्गतका शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्न चाहने संगठित संस्थाहरूले विश्वविद्यालय ऐन, नियमहरूमा उल्लेखित प्रावधान तथा यस कार्यविधिको अनुसूची १ मा तोकिएको मापदण्ड पूरा गर्ने गरी विश्वविद्यालयसँग सम्बन्धन लिन सक्नेछन् ।

(२) कुनै पनि संस्थाले सम्बन्धन नलिई विश्वविद्यालयको शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाउने छैन ।

**४. आवेदन :**

(१) कार्यकारी परिषद्को स्वीकृति बमोजिम सम्बन्धन प्राप्त गर्न चाहने संगठित संस्थाको लागि यस कार्यविधिको अनुसूची १ मा तोकिएको पूर्वाधार तथा मापदण्ड बमोजिम हुने गरी वार्षिक वा सेमेस्टर प्रणाली कार्यक्रमका सम्बन्धमा सम्बन्धनको लागि विश्वविद्यालयले २१ दिने सूचना प्रकाशित गर्नेछ ।

(२) उपनियम (१) बमोजिम सूचना प्रकाशित भएपछि सम्बन्धित संगठित संस्थाले रितपूर्वकको प्रस्तावको साथमा बुझाउनु पर्ने शुल्क तोकिएको बैंकमा बुझाई बैंक भौचर समेत साथमा राखी सम्बन्धनका लागि विश्वविद्यालयमा तोकिएको समयभित्र अनुसूची २ बमोजिमको ढाँचामा आवेदन दिनु पर्नेछ ।

(३) कुनै सङ्काय अन्तर्गतका कार्यक्रम सञ्चालन गर्न प्राप्त भएका प्रस्तावहरूको अध्ययन तथा निरीक्षण गरी प्राप्त भएका प्रतिवेदनको आधारमा कार्यकारी परिषद्ले उक्त प्रस्ताव स्वीकृत गरी नेपाल सरकार शिक्षा मन्त्रालयसँग आशयपत्र (LOI) लिन स्वीकृति पत्र दिन सक्नेछ ।

(४) नेपाल सरकारबाट आशयपत्र (LOI) प्राप्त गरेपछि मात्र नियानुसार प्रस्ताव पेश गर्नु पर्नेछ।

(५) उपनियम (४) बमोजिम विश्वविद्यालयबाट स्वीकृत नलिई नेपाल सरकारबाट मात्र आशयपत्र (LOI) लिएका क्याम्पसहरूको सम्बन्धन सम्बन्धी प्रक्रिया अगाडि बढाइने छैन । तर यो कार्यविधि लागु हुनुपूर्व आशयपत्र प्राप्त गरेका संस्थाका हकमा भने सम्बन्धन सम्बन्धी प्रक्रिया अगाडि बढाउन सकिनेछ ।

(६) कुनै सङ्काय अन्तर्गत शैक्षिक कार्यक्रम सञ्चालन गर्न उपनियम (४) बमोजिमको प्रक्रिया पूरा गरी नेपाल सरकार शिक्षा मन्त्रालयबाट आशयपत्र (LOI) प्राप्त भइसकेपछि सम्बन्धित संस्थाले रीतपूर्वकको प्रस्तावको साथमा परिच्छेद ५ बमोजिम बुझाउनु पर्ने शुल्क बैंकमा बुझाई बैंक भौचर समेत साथमा राखी तोकिएको समयभित्र आवेदन पेश गर्नु पर्नेछ ।

(७) सम्बन्धनका लागि पर्न आएका आवेदनहरूको सम्भाव्यता अध्ययन गर्न गराउन उपकुलपतिले सम्बन्धित डीनको अध्यक्षतामा टोली बनाई सम्भाव्यता अध्ययन गराउने छ ।

सम्भाव्यता अध्ययन टोलीले सम्भाव्यता अध्ययन गर्दा यसै सम्बन्धन सम्बन्धी कार्यविधिको अनुसूची ३ को फाराममा तोकिए बमोजिमको सम्पूर्ण विवरणको अध्ययन तथा सङ्कलन गरी सोको आधारमा सम्भाव्यता अध्ययन टोलीले उपकुलपति समक्ष सिफारिस सहित प्रतिवदन पेश गर्नु पर्नेछ ।

(८) सम्भाव्यता अध्ययन प्रतिवेदन प्राप्त भएपछि सुदूरपश्चिम विश्वविद्यालय संगठन र शैक्षिक प्रशासन नियमावली, २०६९ मा गरिएको व्यवस्था बमोजिम हुनेछ ।

(९) सम्भाव्यता अध्ययन प्रतिवेदन प्राप्त भएपछि सम्बन्धित सङ्कायको विद्यापरिषद्ले सिफारिस गरेमा उपकुलपतिले रजिष्ट्रार मार्फत् कार्यकारी परिषद्मा पेश गर्न लगाउनेछ ।

(१०) कुनै सङ्काय अन्तर्गत कार्यक्रम सञ्चालन गर्ने क्याम्पसहरूलाई सम्भाव्यता अध्ययन प्रतिवेदनको आधारमा कार्यकारी परिषद्ले विद्यार्थी भर्ना सङ्ख्या तोकी सुदूरपश्चिम विश्वविद्यालय संगठन र शैक्षिक प्रशासन नियमावली, २०६९ र यस सम्बन्धन सम्बन्धी कार्यविधि बमोजिम यसै सम्बन्धन सम्बन्धी कार्यविधिको अनुसूची ४ को आधारमा मूल्याङ्कन गरी सम्बन्धन स्वीकृति प्रदान गर्नेछ ।

## ५. सम्बन्धनको विषय, तह र विद्यार्थी भर्ना सङ्ख्या सम्बन्धी व्यवस्था :

(१) सुदूरपश्चिम विश्वविद्यालयबाट सम्बन्धन प्राप्त भई सञ्चालनमा रहेका क्याम्पसहरूले विषय वा तह थप गर्न वा विद्यार्थी भर्ना सङ्ख्या (कोटा) वृद्धि गर्न सम्बन्धित सङ्कायको डीन कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(२) यसरी पर्न आएका निवेदनहरू उपर डीन कार्यालयले छानविन गरी विशेषज्ञ टोलीद्वारा अनुगमन गराई विद्यापरिषद्को सिफारिस सहित प्राज्ञिक परिषद्मा पठाउनु पर्नेछ ।

(३) विश्वविद्यालयको प्राज्ञिक परिषद्को स्वीकृति प्राप्त भएपछि उक्त निर्णय सम्बन्धित डीन कार्यालय र सम्बन्धित क्याम्पसमा पठाउनु पर्नेछ ।

## ६. सम्बन्धनको लागि आवेदन साथ पेश गर्नुपर्ने कागजात :

सम्बन्धन लिन, कार्यक्रम थप गर्न र सम्बन्धन नवीकरण गर्न चाहने क्याम्पसहरूले देहाय बमोजिमका कागजातहरू अनिवार्य रूपमा पेश गर्नुपर्नेछ ।

(१) सामुदायिक क्याम्पसहरूको हकमा-

(क) क्याम्पस सञ्चालन हुने जग्गाको स्वामित्व वा सार्वजनिक जग्गा भए आधिकारिक निकायबाट भोगाधिकार प्राप्त गरेको प्रमाणित कागजपत्रहरू,

(ख) सुदूरपश्चिम विश्वविद्यालय बाहेक अन्य कार्यक्रमहरू सञ्चालन नगर्ने प्रतिबद्धता पत्र,

(ग) क्याम्पस सञ्चालन विनियम/कार्यविधि,

(घ) क्याम्पस/संस्था दर्ताको प्रमणपत्र,

(ङ) सञ्चालक समितिको निर्णयको प्रमाणित प्रतिलिपि,

(च) स्थायी लेखा नम्बरको प्रतिलिपि,

(छ) गत आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन,

(ज) गत आर्थिक वर्षको करचुक्ता प्रमाणपत्र,

(झ) सम्बन्धित सङ्कायले तोके बमोजिमका अन्य कागजपत्रहरू,

(ञ) प्राविधिक तथा व्यावसायिक कार्यक्रम सञ्चालन गर्न चाहने क्याम्पसहरूले सम्बन्धित सङ्काय तथा नियमनकारी निकायले तोकेको मापदण्ड पूरा भएको कागजात वा पूरा गर्ने प्रतिबद्धतापत्र,

(ट) कार्यक्रम थप तथा नवीकरणका लागि विश्वविद्यालयलाई बुझाउनु पर्ने शुल्क बुझाएको प्रमाण ।

(२) निजी क्षेत्रबाट सञ्चालित क्याम्पसहरूको हकमा-

(क) क्याम्पस सञ्चालन हुने घर जग्गाको स्वामित्व सम्बन्धी प्रमाणित कागजपत्र (लालपुर्जा),

(ख) क्याम्पसको आफ्नै स्वामित्वमा घर जग्गा नभए कम्तिमा दस वर्षसम्मका लागि बहाल लिएको सम्झौतापत्र र लालपुर्जा प्रमाणित प्रतिलिपि,

(ग) सुदूरपश्चिम विश्वविद्यालय बाहेक अन्य विश्वविद्यालय, परीक्षा बोर्ड, परिषद्, आदिको शैक्षिक कार्यक्रम सञ्चालन नगर्ने प्रतिबद्धतापत्र,

(घ) सञ्चालक समितिको निर्णयको प्रमाणित प्रतिलिपि,

(ङ) प्रचलित कानुन बमोजिम सम्बन्धित निकायमा संस्था दर्ता गरेको प्रमाणपत्र एवम् प्रबन्धपत्र र नियमावली,

(च) क्याम्पस सञ्चालन सम्बन्धी विनियम,

(छ) गत आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन,

(ज) सम्पूर्ण सञ्चालक समितिका सदस्यहरू तथा संस्थाको स्थायी लेखा नम्बरको प्रतिलिपि,

(झ) विश्वविद्यालयलाई बुझाउनु पर्ने शुल्क बुझाएको प्रमाण ।

**७. सम्बन्धन नवीकरण :**

(१) अस्थायी रूपमा सम्बन्धन प्राप्त क्याम्पसले स्वीकृत कार्यक्रम मात्र सोही शैक्षिक वर्षमा सुरु गरी तीन महिना भित्र सो को विवरण सम्बन्धित डीन कार्यालय र विश्वविद्यालयमा पठाउनु पर्नेछ ।

(२) अस्थायी रूपमा सम्बन्धन प्राप्त क्याम्पसहरूले प्रत्येक आर्थिक वर्षमा आफ्नो क्याम्पसको शैक्षिक, आर्थिक र प्रशासनिक विवरण सम्बन्धित डीन कार्यालय र विश्वविद्यालय केन्द्रीय कार्यालयमा पठाउनु पर्नेछ ।

(३) अस्थायी रूपमा सम्बन्धन प्राप्त क्याम्पसले आफूले पाएको सञ्चालन अनुमति समाप्त हुनुभन्दा छ महिना अगाडि सम्पूर्ण शैक्षिक, आर्थिक र प्रशासनिक गतिविधि सहितको

प्रतिवेदन सहित सम्बन्धन नवीकरण गराउनका लागि सम्बन्धित डीन कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(४) सम्बन्धन नवीकरणको लागि निवेदन नदिने क्याम्पसको सम्बन्धन स्वतः रद्द हुनेछ । त्यसरी सम्बन्धन रद्द भएको अवस्थामा अध्ययनको लागि भर्ना भएका विद्यार्थीहरूको जिम्मेवारी सम्बन्धित क्याम्पसकै हुनेछ ।

(५) सम्बन्धन प्राप्त क्याम्पसले प्रत्येक दुई वर्षमा नवीकरण गराउनु पर्नेछ ।

(६) सम्बन्धन नवीकरण भएका क्याम्पसहरूको सूची हरेक वर्ष सम्बन्धित डीनको कार्यालय र विश्वविद्यालय केन्द्रीय कार्यालयको वेवसाइटमा राखिनेछ ।

## ८. स्थायी सम्बन्धन :

(१) विश्वविद्यालयबाट अस्थायी सम्बन्धन प्राप्त गरी सञ्चालनमा रहेका क्याम्पसहरूले स्थायी सम्बन्धनका लागि देहायको विवरण उल्लेख गरी सम्बन्धित सङ्कायमा निवेदन दिन सक्ने छन् :

(क) अस्थायी स्वीकृति प्राप्त गरेको कम्तिमा पाँच वर्ष पूरा भएको,

(ख) सामुदायिक क्याम्पसको सम्पूर्ण सम्पत्ति क्याम्पसकै नाममा रहेको,

(ग) क्याम्पस आफ्नै जग्गा र भवनमा सञ्चालन भएको,

(घ) गत तीन वर्षको परीक्षाको नतिजा सन्तोषजनक देखिएको,

(ङ) प्राविधिक क्याम्पसको स्थायी सम्बन्धनको लागि थप व्यवस्था :

(१) चिकित्सा शिक्षा तथा स्वास्थ्य विज्ञानका लागि स्वास्थ्य विज्ञान सङ्काय र काउन्सिलले तोकेको मापदण्ड पूरा गरेको हुनु पर्नेछ ।

(२) इन्जिनियरिङ्ग शिक्षाका लागि इन्जिनियरिङ्ग सङ्काय र सम्बन्धित काउन्सिलले तोकेको मापदण्ड पूरा गरेको हुनुपर्नेछ ।

(३) कृषि तथा वन विज्ञान शिक्षाका लागि सम्बन्धित सङ्कायले तोकेको मापदण्ड पूरा गरेको हुनु पर्नेछ ।

(च) पूर्णकालीन शिक्षक कर्मचारीको व्यवस्था भएको हुनुपर्ने,

(छ) नियमित रूपमा विश्वविद्यालयलाई बुझाउनु पर्ने शुल्कहरू बुझाएको हुनुपर्ने,

(ज) सम्बन्धित क्याम्पसको कम्तिमा पाँच वर्षको आय-व्ययको लेखापरीक्षण प्रतिवेदन पेश गरेको हुनुपर्ने, र

(झ) करचुक्ता प्रमाणपत्र पेश गरेको हुनुपर्ने ।

(१) नियम ८ उपनियम (१) बमोजिम आवेदन दिने क्याम्पसहरूको आवेदन सुदूरपश्चिम विश्वविद्यालय संगठन र शैक्षिक प्रशासन नियमावली, २०६९ को नियम १२० ख. को अधिनमा रही कार्यकारी परिषद्मा पेश गर्नु पर्नेछ ।

(२) कार्यकारी परिषद्ले शर्त र आधारहरू तोकी सुदूरपश्चिम विश्वविद्यालय संगठन र शैक्षिक प्रशासन नियमावली, २०६९ को नियम १२०घ बमोजिम बढीमा सात वर्षका लागि स्थायी सम्बन्धन प्रदान गर्न सक्नेछ ।

(३) स्थायी सम्बन्धन प्राप्त क्याम्पसले प्रत्येक आर्थिक वर्षमा शैक्षिक, आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदन, प्रशासनिक गतिविधिहरूको विवरण र शिक्षक तथा कर्मचारीहरूको विवरण सम्बन्धित डीन कार्यालय र विश्वविद्यालय केन्द्रीय कार्यालयमा पेश गर्नुपर्नेछ ।

(४) स्थायी सम्बन्धन प्राप्त क्याम्पसहरूले विश्वविद्यालयले तोके अनुसारको शुल्क नियमित रूपमा बुझाउनु पर्नेछ ।

(५) स्थायी सम्बन्धनको अवधि समाप्त हुनुभन्दा कम्तिमा छ महिना अगाडि आफ्ना गतिविधिहरूको विवरण सम्बन्धित डीन कार्यालय तथा विश्वविद्यालय केन्द्रीय कार्यालयमा पठाउनु पर्नेछ ।

(६) स्थायी सम्बन्धन प्राप्त क्याम्पसहरूको विवरणहरूको अध्ययन गरी तोकिएका मापदण्डहरू पूरा नगरेको देखिएमा अविलम्ब उक्त मापदण्डहरू पूरा गर्न निर्देशन दिनेछ । त्यस्ता निर्देशनहरूको पालना नगर्ने क्याम्पसको स्थायी सम्बन्धन निलम्बन वा खारेज हुन सक्नेछ ।

## परिच्छेद ३

## सम्बन्धन प्राप्त क्याम्पसहरूको काम, कर्तव्य र अधिकार

### ९. सम्बन्धन प्राप्त क्याम्पसको काम, कर्तव्य र अधिकार :

सम्बन्धन प्राप्त क्याम्पसहरूको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् :

(१) विश्वविद्यालयले तोकेको सम्पूर्ण मापदण्डहरू र शर्तहरू पूरा गरी क्याम्पस सञ्चालन गर्न पाउने सम्बन्धन प्राप्त क्याम्पसको अधिकार हुनेछ ।

(२) विश्वविद्यालयले लिएको प्रवेश परीक्षाको योग्यता क्रमको आधारमा विद्यार्थी भर्ना गर्नुपर्नेछ ।

(३) विश्वविद्यालयले तोके बमोजिम शिक्षक, कर्मचारीहरूको नियुक्ति तथा भर्ना गर्नुपर्नेछ ।

(४) विद्यार्थीका लागि विश्वविद्यालयले तोके बमोजिम छात्रवृत्ति कोटा उपलब्ध गराउनु पर्नेछ ।

(५) विश्वविद्यालयले तोकेको पठनपाठनको गुणस्तर कायम राख्नु पर्नेछ ।

(६) सम्बन्धन प्राप्त क्याम्पसहरूले स्वीकृत शैक्षिक कार्यक्रमहरूमा मात्र पठनपाठन गराउनु पर्नेछ ।

(७) सम्बन्धन प्राप्त क्याम्पसहरूले स्वीकृत तोकिएको सङ्ख्यामा मात्र विद्यार्थीहरू भर्ना लिनु पर्नेछ ।

(८) सम्बन्धन प्राप्त क्याम्पसहरूले सम्बन्धन स्वीकृति लिए वापत सम्बन्धित निकायमा तोके अनुसारको शुल्क समयमा नै बुझाउनु पर्नेछ ।

(९) सम्बन्धन प्राप्त क्याम्पसहरूले सञ्चालन गरेका शैक्षिक कार्यक्रमहरूको विवरण प्रत्येक शैक्षिक वर्ष सुरु हुनु अगावै सम्बन्धित डीन कार्यालय र विश्वविद्यालय केन्द्रीय कार्यालयमा पेश गर्नु पर्नेछ ।

(१०) सम्बन्धन प्राप्त क्याम्पसहरूले सञ्चालन गरेका शैक्षिक कार्यक्रमहरूमा विद्यार्थीहरूको प्रगति विवरण तोकिएको ढाँचामा प्रत्येक शैक्षिक वर्षको परीक्षाफल प्रकाशित भएको मितिले तीन महिनाभित्र सम्बन्धित डीन कार्यालय र विश्वविद्यालय केन्द्रीय क्याम्पसमा पेश गर्नुपर्नेछ ।

(११) सम्बन्धन प्राप्त क्याम्पसहरूले क्याम्पसमा कार्यरत पूर्णकालीन र आंशिक शिक्षकहरूको शैक्षिक योग्यता सहितको यथार्थ विवरण तोकिएको ढाँचामा प्रत्येक शैक्षिक वर्ष सुरु भएको मितिले तीन महिनाभित्र सम्बन्धित डीन कार्यालय र विश्वविद्यालय केन्द्रीय कार्यालयमा पेश गर्नुपर्नेछ ।

(१२) सम्बन्धन प्राप्त क्याम्पसहरूले आफूले सञ्चालन गरेका शैक्षिक कार्यक्रमहरूका लागि विद्यार्थीबाट उठाउने शुल्कको यथार्थ र अद्यावधिक विवरण वार्षिक रूपमा सम्बन्धित डीन कार्यालय र विश्वविद्यालय केन्द्रीय कार्यालयमा पेश गर्नुपर्नेछ ।

(१३) सम्बन्धन प्राप्त क्याम्पसहरूले आफ्नो क्याम्पसको वार्षिक आय-व्ययको विवरण मान्यता प्राप्त लेखापरीक्षकबाट लेखापरीक्षण गराई सोको पूर्ण विवरण लेखापरीक्षण सम्पन्न भएको मितिले एक महिनाभित्र सम्बन्धित डीन कार्यालय र विश्वविद्यालय केन्द्रीय कार्यालयमा पेश गर्नुपर्नेछ ।

(१४) सम्बन्धन प्राप्त क्याम्पसहरूले आफूले सञ्चालन गरेका शैक्षिक कार्यक्रमहरूका लागि प्रयोग गरिएको भौतिक सम्पत्तिहरूको विवरण सम्बन्धित डीन कार्यालय र विश्वविद्यालय केन्द्रीय कार्यालयमा पेश गर्नुपर्नेछ ।

(१५) सम्बन्धन प्राप्त क्याम्पसहरूले विश्वविद्यालय ऐन नियम, विनियम, कार्यविधि, निर्देशिका र आवश्यकतानुसार केन्द्रीय कार्यालय, सम्बन्धित डीन कार्यालय र सम्बन्धित निकायले दिएका निर्देशनहरूको पालना गर्नुपर्नेछ ।

(१६) विश्वविद्यालयले मागेका विवरण तथा सूचनाहरू समयमै उपलब्ध गराउनु पर्नेछ ।

(१७) सम्बन्धन प्राप्त क्याम्पसका शिक्षकलाई विश्वविद्यालयले कुनै काममा खटाउँदा स्वीकृति दिनु पर्नेछ ।

(१८) विश्वविद्यालयले परीक्षा सञ्चालन गर्दा हल, कक्षाकोठा, प्रयोगशाला तथा अन्य जनशक्ति एवम् अन्य भौतिक सहयोग उपलब्ध गराउनु पर्नेछ ।

(१९) सम्बन्धन प्राप्त क्याम्पसहरूले वैदेशिक सहयोग प्राप्त गर्दा प्रचलित कानुन बमोजिम नेपाल सरकारबाट स्वीकृति लिनु पर्नेछ । सो सम्बन्धमा डीन कार्यालय र विश्वविद्यालय केन्द्रीय कार्यालयलाई जानकारी गराउनु पर्नेछ ।

(२०) सुदूरपश्चिम विश्वविद्यालय कार्यकारी परिषद्, उपकुलपति, रजिष्ट्रार र सम्बन्धित डीनबाट प्राप्त निर्देशनलाई पालना गर्नु सम्बन्धन प्राप्त क्याम्पसको कर्तव्य हुनेछ ।

## परिच्छेद ४

## सम्बन्धन प्राप्त क्याम्पसहरूको समायोजन, सम्बन्धन स्थगन वा खारेज सम्बन्धी व्यवस्था

### १०. सम्बन्धन प्राप्त क्याम्पसहरूको समायोजन :

(१) सम्बन्धन प्राप्त कुनै क्याम्पस स्वतन्त्र रूपमा सञ्चालन हुन सक्ने अवस्था नरहेमा त्यस्तो क्याम्पसलाई नजिकैको सोही विषय र प्रकृतिको अर्को कुनै क्याम्पसमा समायोजन गर्ने गरी विश्वविद्यालयले निर्देशन दिन सक्नेछ ।

(२) यसरी समायोजन गरिने क्याम्पसमा समायोजन हुने क्याम्पसले सञ्चालन गरेको शैक्षिक कार्यक्रम सञ्चालन गर्ने स्वीकृति प्राप्त गरेको हुनु पर्नेछ ।

(३) समायोजन गरिँदा समायोजन हुने क्याम्पसको सम्पूर्ण सम्पत्ति तथा दायित्व समायोजन गरिने क्याम्पसमा हस्तान्तरण हुनेछ ।

### ११. सम्बन्धन स्थगन वा खारेजी :

सम्बन्धन प्राप्त क्याम्पस वा क्याम्पसको मातहतमा सञ्चालित कार्यक्रमहरू देहायको कुनै अवस्था विद्यमान भएमा स्थगन वा खारेज गर्न सकिनेछ :

(१) विश्वविद्यालयले तोकेको मापदण्ड तथा शर्त पूरा नगरेमा वा सो अनुरूप आचरण नगरेमा,

(२) सम्बन्धन नवीकरण नगरेमा,

(३) विश्वविद्यालयले तोकेको सम्बन्धन शुल्क लगायत अन्य शुल्क नियमित रूपमा नबुझाएमा,

(४) स्वीकृत कार्यक्रमभन्दा अन्य कार्यक्रम सञ्चालन गरेमा,

(५) परिच्छेद ३ मा उल्लेख भए बमोजिमको काम, कर्तव्यहरू पालन नगरेमा,

(६) सुदूरपश्चिम विश्वविद्यालय बाहेक अन्य विश्वविद्यालय, परीक्षा बोर्ड, परिषद्सँग सम्बन्धन लिई कार्यक्रम सञ्चालन गरेमा,

(७) सम्बन्धन प्राप्त क्याम्पसहरूले सम्बन्धन प्राप्त गर्दाको समयमा तोकिएको क्याम्पसको नाम र सञ्चालन हुने स्थान विश्वविद्यालयको स्वीकृति बिना परिवर्तन गरेमा,

(८) विश्वविद्यालय हित विपरित कार्य गरेमा, र

(९) विश्वविद्यालयद्वारा समय-समयमा तोकिएको अन्य मापदण्ड र शर्तहरू पालना नगरेमा ।

### १२. सफाइको मौका :

कुनै क्याम्पस वा शैक्षिक कार्यक्रमको सम्बन्धन स्थगन वा खारेज गर्नु अघि सम्बन्धित क्याम्पसलाई सफाइको मुनासिव मौका दिइनेछ । यस कार्यविधिमा नियम ११ बमोजिम सम्बन्धन स्थगन वा खारेज गर्ने गरी कार्यकारी परिषद्बाट निर्णय भएपछि विश्वविद्यालय सभाको लगतै बस्ने बैठकबाट सोको जानकारी गराउनु पर्नेछ ।

**१३. सम्बन्धन स्थगन भएमा अध्ययन पूरा गराउनु पर्ने दायित्व :**

(१) कुनै क्याम्पस वा शैक्षिक कार्यक्रमको सम्बन्धन स्थगन वा खारेज भएमा त्यस्तो क्याम्पसले नयाँ भर्ना गर्न पाउने छैन तर भर्ना भइसकेपछि विद्यार्थीहरूको अध्ययन पूरा गर्ने गराउने जिम्मेवारी र दायित्व भने सम्बन्धित क्याम्पसको नै हुनेछ । उक्त अवधिमा सम्बन्धन नवीकरण नभएमा सम्बन्धन स्वतः खारेज हुनेछ ।

(२) सम्बन्धन स्थगन वा खारेजी भएको क्याम्पसमा भर्ना भएका त्यस्ता विद्यार्थीहरूलाई नजिकैको पायक पर्ने अन्य क्याम्पसहरूमा अध्ययन पूरा गराउन विश्वविद्यालयले निर्देशन दिन सक्नेछ । त्यस्ता विद्यार्थीको अध्ययन पूरा गराउन लाग्ने खर्च स्थगन वा खारेजीमा परेको क्याम्पसले व्यहोर्नु पर्नेछ ।

**१४. सम्पत्ति हस्तान्तरण :**

कुनै क्याम्पस वा शैक्षिक कार्यक्रमको सम्बन्धन खारेज भएको अवस्थामा त्यस्ता क्याम्पसहरूको चल अचल सम्पत्ति प्रचलित कानुन बमोजिम हस्तान्तरण हुनेछ ।

**१५. विश्वविद्यालयको जवाफदेहिता नरहने :**

सम्बन्धन प्राप्त क्याम्पसले गरेको कुनै प्रकारको प्रशासनिक र आर्थिक दायित्वको लागि विश्वविद्यालय जवाफदेही र जिम्मेवार हुने छैन ।

## परिच्छेद ५

## अक्षय कोष तथा शुल्क सम्बन्धी व्यवस्था

१६. सुदूरपश्चिम विश्वविद्यालयबाट सम्बन्धन लिन चाहने क्याम्पसहरूको लागि अक्षय कोष तथा सम्बन्धन शुल्क देहाय बमोजिम तोकिएको छ :

| क्र.सं. | विवरण | | शुल्क | | कैफियत |
|---|---|---|---|---|---|
| | | | साधारण | प्राविधिक | |
| १ | आवेदन शुल्क | आवेदन फाराम | २५००० | ५०००० | |
| २ | सम्भाव्यता सम्बन्धी शुल्क | सम्भाव्यता अध्ययन शुल्क प्रति विषय | १५०००० | २००००० | |
| ३ | धरौटी शुल्क | प्रति नयाँ कार्यक्रम | १५००००० | ३०००००० | |
| ४ | धरौटी शुल्क | प्रति नयाँ समूह (Section) | ३००००० | ५००००० | |
| ५ | शुल्क | रजिष्ट्रेसन (एकपटक मात्र) प्रति विद्यार्थी | ५००० | ५००० | |
| ६ | सम्बन्धन शुल्क | प्रतिवर्ष प्रति विद्यार्थी | १०००० | २०००० | |
| ७ | शुल्क | प्राविधिक मूल्याङ्कन (प्रति कार्यक्रम) | १००००० | २००००० | |
| ८ | शुल्क | प्राविधिक मूल्याङ्कन (प्रति थप समूह) | १००००० | १५०००० | |
| ९ | शुल्क | भौतिक निरीक्षण थप समूह (सेक्सन) का लागि | २५००० | २५००० | |
| १० | | कलेजको नाम परिवर्तन | १००००० | १००००० | |
| ११ | | कलेजको स्थान परिवर्तन | १००००० | १००००० | |

द्रष्टव्य : सुदूरपश्चिम विश्वविद्यालय सम्बन्धन सम्बन्धी नीति, २०७४ अनुरूप दुर्गम तथा पिछडिएको क्षेत्रमा सञ्चालन गरिने प्राविधिक शिक्षाको हकमा आवेदन शुल्कको हकमा २५% र धरौटी शुल्कमा १५% को छुट दिइने छ। आवेदन शुल्क र सम्भाव्यता अध्ययन शुल्क फिर्ता हुने छैन।

** दुर्गम तथा पिछडिएको क्षेत्र नेपाल सरकारले तोके बमोजिम हुनेछ।*

## परिच्छेद ६

## भौतिक पूर्वाधार तथा मानव संसाधन सम्बन्धी व्यवस्था

### १७. जग्गा तथा भवन :

सम्बन्धनका लागि प्राविधिक विषयका लागि कम्तिमा पनि तराईमा ३ बिघा वा पहाडमा ३५ रोपनी जग्गा जमिन हुनु पर्नेछ । प्राविधिक बाहेक अन्य कार्यक्रमका लागि कम्तिमा पनि १ बाघा वा पहाडमा १५ रोपनीजग्गा जमिन हुनु पर्नेछ । सम्पूर्ण जग्गाको २५% जग्गा खाली वा खुला चौर हुनु पर्नेछ । भाडा लिई शैक्षिक कार्यक्रम सञ्चालन गरेको भए भाडाको करारनामा कम्तिमा पनि दस वर्षको हुनुपर्नेछ । सुरक्षाको हिसाबले भवन तथा ठहरा भूकम्प प्रतिरोधात्मक भएको प्रमाणित हुनु पर्नेछ । प्राविधिक विषयको हकमा सम्बन्धित LOI मा तोकिए बमोजिम हुनु पर्नेछ र सम्बन्धित प्रोफेसनल काउन्सिलबाट मान्यता प्राप्त गर्नु पर्ने कार्यक्रमका लागि सो काउन्सिलले तोकेको मापदण्ड पुरा गुर्न पर्नेछ ।

### १८. शिक्षक तथा कर्मचारीको व्यवस्था :

सम्बन्धन लिने शिक्षण संस्थामा कम्तिमा २५% शिक्षक पूर्णकालीन हुनु पर्नेछ । अन्य विश्वविद्यालयका पूर्णकालीन शिक्षकलाई पनि आंशिक रूपमा नियुक्त गर्न सकिनेछ, तर त्यस्ता आंशिक शिक्षकले सम्बन्धित विश्वविद्यालयको अनुमति पत्र वा वेतलबी विदाको प्रमाणपत्र पेश गर्नुपर्नेछ । त्यसैगरी सम्बन्धन लिने शिक्षण संस्थाको प्रमुख कम्तिमा द्वितीय श्रेणीमा स्नातकोत्तर उत्तीर्ण भई कर्मचारीको हकमा कम्तिमा पनि ३ जना पूर्णकालीन कर्मचारी जसमा एकजना लेखा सम्बन्धी ज्ञान भएको हुनु पर्नेछ ।

### १९. कक्षाकोठा तथा पुस्तकालयको व्यवस्था :

कक्षाकोठाको आकार कम्तिमा पनि २६ फिट लम्बाइ र २० फिट चौडाइका साथै दुबै तर्फ ढोका भएको हुनुपर्नेछ र ती कक्षाकोठा पठनपाठन मैत्रीपूर्ण हुनुपर्नेछ । छात्रछात्राको लागि बेग्लै साझा कोठा (Common Hall) को व्यवस्था भएको हुनुपर्नेछ । साथै शौचालय, सरसफाई तथा खानेपानीको यथेष्ट मात्रामा व्यवस्था भएको हुनु पर्नेछ । सम्भव भएसम्म पुस्तकालयको छुट्टै व्यवस्था गरी प्रविधि जस्तै : Net / Internet को सुविधा भएको हुनु पर्नेछ ।

### २०. खेलकुदको व्यवस्था :

खेलकुद तथा अतिरिक्त क्रियाकलापको यथेष्ट रूपमा व्यवस्था भएको हुनु पर्नेछ । यसको लागि Indoor तथा Outdoor games को लागि चाहिने चौर हुनु पर्नेछ ।

## परिच्छेद ७

## विविध

**२१. नाम र स्थान परिवर्तन :**

सम्बन्धन प्राप्त क्याम्पसहरूले सम्बन्धन प्राप्त गर्दाका अवस्थामा राखेको नाम र स्थान सामान्यतया परिवर्तन गर्न पाइने छैन तर कुनै मनासिब कारण भई सोको औचित्य सहितको निवेदन दिएमा तोकिएको प्रक्रिया पूरा गरी विश्वविद्यालयले त्यस्तो नाम र स्थान परिवर्तन गर्न स्वीकृति दिन सक्नेछ । नाम परिवर्तन गर्न स्वीकृति नहुँदासम्म नाम, स्थान परिवर्तन शुल्क लिइने छैन ।

**२२. आवश्यक आदेश, निर्देशन दिन सक्ने :**

कार्यकारी परिषद्ले आवश्यकता ठानेमा यस कार्यविधिमा उल्लेख भएका कुराहरूको अतिरिक्त अन्य थप आदेश वा निर्देशन दिन सक्नेछ र त्यसरी दिएको आदेश वा निर्देशन पालना गर्नु सम्बन्धन प्राप्त क्याम्पसहरूको कर्तव्य हुनेछ ।

**२३. सम्बन्धन प्राप्त क्याम्पसको विधान :**

सम्बन्धन प्राप्त क्याम्पस सञ्चालन सम्बन्धमा क्याम्पस आफैंले विधान बनाई स्वीकृतिको लागि विश्वविद्यालय केन्द्रीय कार्यालयमा पेश गर्नु पर्नेछ र त्यस्तो विधान कार्यकारी परिषद्बाट स्वीकृत भएपछि लागु हुनेछ ।

**२४. सञ्चालक समितिको गठन :**

(१) निजी वा सामुदायिक रूपमा सञ्चालित प्रत्येक क्याम्पसले क्याम्पस सञ्चालनको लागि कम्तिमा पाँच जना सदस्य रहने गरी क्याम्पस सञ्चालन सम्बन्धी कार्यविधि बनाई स्वीकृतिको लागि कार्यकारी परिषद्मा पेश गर्नुपर्नेछ ।

(२) सञ्चालक समितिको अध्यक्षको मनोनयनका लागि क्याम्पस सञ्चालक समितिले प्रचलित कानुनले अयोग्य नठहरिएको कम्तिमा स्नातक तह उत्तीर्ण गरेको तीन जनाको नाम कार्यकारी परिषद् समक्ष सिफारिस गर्नुपर्नेछ । सिफारिस भएका नामहरू मध्येबाट कार्यकारी परिषद्ले अध्यक्षको मनोनयन गर्नेछ ।

(३) मनोनित अध्यक्षको पदावधि तीन वर्षको हुनेछ । मनोनित अध्यक्षले पदबाट राजीनामा दिएमा सञ्चालक समितिले अध्यक्षको राजीनामा स्वीकृत गरी वा अन्य कुनै कारणले पद खाली भएमा सोको जानकारी तत्काल कार्यकारी परिषद्मा गराउनु पर्नेछ ।

(४) सञ्चालक समितिको अध्यक्षको पद तीन महिनाभन्दा बढी समय रिक्त राख्नु हुँदैन । तीन महिनाभन्दा बढी रिक्त हुन गएमा उपकुलपतिले सञ्चालक समितिको अध्यक्ष मनोनयन गर्न बाधा पर्ने छैन ।

**२५. प्रतिनिधि सम्बन्धी व्यवस्था :**

सञ्चालक समितिमा कार्यकारी परिषद्ले तोकेको एक जना स्थायी शिक्षक वा कर्मचारी प्रतिनिधिको रूपमा रहनेछ । सो प्रतिनिधिको अवधि तीन वर्षको हुनेछ ।

**२६. व्याख्या गर्ने र बाधा अड्काउ फुकाउने अधिकार :**

यो कार्यविधिको व्याख्या गर्ने र बाधा अड्काउ फुकाउने अधिकार कार्यकारी परिषद्लाई हुनेछ ।

<u>अनुसूची १</u>

## सम्बन्धन लागि तोकिएको मापदण्डहरू

## (कार्यविधिको दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

सुदूरपश्चिम विश्वविद्यालय संगठन तथा शैक्षिक प्रशासन नियमावली, २०६९ मा उल्लेखित कुराहरूको अतिरिक्त सम्बन्धन कार्यक्रम, स्वीकृति सञ्चालन तथा व्यवस्थापनका आधारहरू (Criteria) देहाय बमोजिम हुनेछ :

(१) विश्वविद्यालयको सम्बन्धनमा नयाँ खुल्ने निजी तथा सामुदायिक क्याम्पसहरू विश्वविद्यालयको आङ्गिक क्याम्पसभन्दा फरक विषय बाहेक कम्तिमा पाँच कि.मि. टाढा हुनु पर्नेछ ।

(२) विश्वविद्यालयको सम्बन्धनमा खुलेका निजी तथा सामुदायिक क्याम्पसहरूले ठाउँसारी गर्न चाहेमा विश्वविद्यालयको आङ्गिक क्याम्पसभन्दा फरक विषय बाहेक कम्तिमा पाँच कि.मि. टाढा मात्र ठाउँसारी गर्न अनुमति दिइनेछ ।

(३) विश्वविद्यालयले सूचना प्रकाशित गरी सञ्चालन भएका कार्यक्रमहरू मात्र सम्बन्धन दिइनेछ । तर सम्बन्धन सम्भाव्यता अध्ययन टोलीले सिफारिस गरेका नयाँ कार्यक्रममा सम्बन्धनका लागि कार्यकारी परिषद्ले स्वीकृति दिन सक्नेछ ।

(४) सम्बन्धन दिँदा विश्वविद्यालयको एउटै कार्यक्रम र तह सञ्चालन गर्ने सम्बन्धन प्राप्त क्याम्पसहरु बिचको दुरी काठमाडौँ उपत्यका र उपमहानगरपालकाभित्र एक किलोमिटर, अन्य नगरपालिकाभित्र तीन किलोमिटर र गाउँपालिकाभित्र छ किलोमिटरभन्दा बढी हुनु पर्नेछ । सम्बन्धन प्राप्त क्याम्पसहरुले ठाउँसारी गर्न चाहेमा पनि सोही बमोजिमको दुरी कायम गर्नु पर्नेछ ।

(५) सम्बन्धनका लागि यस कार्यविधि बमोजिम पूरा गर्नुपर्ने गरी तोकिएका मापदण्ड बमोजिम सम्बन्धन लिन चाहने क्याम्पसको आफ्नै जग्गा र भवन हुनुपर्नेछ । सो नभएमा कम्तिमा पाँच वर्षभित्रमा आवश्यक जग्गा र सात वर्षभित्र भवन आफ्नो स्वामित्वमा हुनुपर्नेछ । हाल सञ्चालनमा रहेका क्याम्पसहरूको हकमा सात वर्षभित्र आवश्यक जग्गा र भवन क्याम्पसको स्वामित्वमा हुनु पर्नेछ ।

(६) सम्बन्धन प्राप्त क्याम्पसहरूमध्ये चिकित्सालय/स्वास्थ्य विज्ञान सङ्काय अन्तर्गतका कार्यक्रम सञ्चालन गर्ने क्याम्पसका लागि एम.बी.बी.एस. र बी.डी.एस. तर्फ विद्यार्थी भर्ना सङ्ख्या तोक्दा सुदूरपश्चिम विश्वविद्यालय चिकित्साशास्त्र/स्वास्थ्य विज्ञान सङ्काय विद्यापरिषद्ले निर्धारण गरेका मापदण्ड र आधारहरू, नेपाल मेडिकल काउन्सिल, नर्सिङ्ग काउन्सिल एवम् फार्मेसी काउन्सिल, Health Professional Council को Accreditation Standard मा लेखिएका मापदण्ड र आधारमा तोकिनेछ ।

(७) इन्जिनियरिङ्ग सङ्कायतर्फ सञ्चालित सम्बन्धन प्राप्त क्याम्पसहरूमा इन्जिनियरिङ्गका विभिन्न विषयमा इन्जिनियरिङ्ग काउन्सिलको मापदण्ड बमोजिम पूर्वाधार तथा विद्यार्थी भर्ना सङ्ख्या निर्धारण गरिनेछ ।

(८) वन विज्ञान कृषि तथा पशु विज्ञानतर्फ बढीमा ९६ जनाको विद्यार्थी भर्ना सङ्ख्या निर्धारण गरिनेछ । एउटा कक्षामा ४८ जनाभन्दा बढी विद्यार्थी सङ्ख्या हुने छैनन् ।

(९) विज्ञान तथा प्रविधि सङ्कायतर्फ बी.एस.सी., सि.एस.आई.टी. मा बढीमा ८४ जना विद्यार्थीको सङ्ख्या निर्धारण गरिनेछ र एउटा कक्षामा ४२ जनाभन्दा बढी विद्यार्थी सङ्ख्या हुने छैनन् । अन्य कार्यक्रमहरूमा बढीमा ९६ जना विद्यार्थी सङ्ख्या निर्धारण गरिनेछ र एउटा कक्षामा ४८ जनाभन्दा बढी विद्यार्थी सङ्ख्या हुने छैनन् । एम.बी.ए. मा ३० जनाभन्दा बढी विद्यार्थी सङ्ख्या हुने छैनन् ।

(१०) व्यवस्थापन सङ्कायतर्फका कार्यक्रमहरूमा बी.बी.ए., बी.आई.एम., बी.टी.टी.एम., होटल म्यानेजमेन्टमा विद्यार्थी सङ्ख्या बढीमा ९९ हुने र एउटा कक्षामा ३३ जनाभन्दा बढी विद्यार्थी सङ्ख्या हुने छैनन् । बी.बी.एस. र बी.बी.एम. कार्यक्रममा एउटा कक्षामा ४४ जनाभन्दा बढी विद्यार्थी सङ्ख्या हुने छैन । एम.बी.एस., एम.बी.एम., र एम.पी.ए. तर्फ ४४ जनाभन्दा बढी विद्यार्थी सङ्ख्या हुने छैन एम. बीए तर्फ ३० जनाभन्दा बढी विद्यार्थी संङ्या हुने छैन ।

(११) शिक्षा र मानविकीको एउटा कक्षामा ५० जनाभन्दा बढी विद्यार्थी सङ्ख्या हुने छैन । कानुन सङ्कायतर्फको एल.एल.एम. मा ५० जनाको एक कक्षा, एल.एल.बी. मा एक कक्षामा ५० जनाको दरले बढीमा विद्यार्थी सङ्ख्या ३५० जना र बी.ए., एल.एल.बी. वा सो सरहको कार्यक्रममा एक कक्षामा ३५ जनाका दरले बढीमा विद्यार्थी सङ्ख्या १०५ निर्धारण गरिनेछ ।

(१२) प्राविधिक कार्यक्रम सञ्चालन गर्न चाहने इच्छुक व्यक्ति वा संस्थाले नेपाल सरकारबाट लिनुपर्ने आशयपत्र लिनुपूर्व विश्वविद्यालयबाट उक्त कार्यक्रम सञ्चालन गर्नको लागि अनिवार्य रूपमा स्वीकृति लिनु पर्नेछ । तर पहिल्यै शिक्षा मन्त्रालयबाट आशयपत्र लिएका व्यक्ति वा संस्था अनुसूची १ भित्र परेमा स्वीकृति दिन सकिनेछ ।

(१३) यस कार्यविधिमा लेखिएका कुराहरू बाहेक अन्य शर्तहरू सम्बन्धित सङ्कायको सिफारिसमा कार्यकारी परिषद्ले तोके बमोजिम हुनेछ ।

(१४) सम्बन्धन प्राप्त गर्न चाहने क्याम्पसको आर्थिक अवस्था मजबुत भएको हुनु पर्नेछ । सम्बन्धन प्राप्त गर्न अन्य मापदण्ड पूरा गरी योग्य भई छनोट भएका क्याम्पसले कम्तिमा चिकित्साशास्त्रका लागि ३० करोड, इन्जिनियरिङ्गका लागि १ करोड, कृषिका लागि ५० लाख र अन्य प्राविधिक विषयका लागि ४० लाख र साधारण विषयका लागि ३० लाख अक्षय कोष राख्नु पर्नेछ ।

अनुसूची २

## सम्बन्धन लागि आवेदनको ढाँचा

(कार्यविधिको दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

श्रीमान् उपकुलपतिज्यू,

सुदूरपश्चिम विश्वविद्यालय,

महेन्द्रनगर, कञ्चनपुर ।

विषय : सम्बन्धन पाऊँ ।

महोदय,

सुदूरपश्चिम विश्वविद्यालयबाट प्रकाशित सूचना अनुसार ............................... नाममा रहेको क्याम्पसलाई सुदूरपश्चिम विश्वविद्यालयको सम्बन्धनमा शैक्षिक कार्यक्रम सञ्चालनको लागि सम्बन्धन पाऊँ भनी आवश्यक दस्तुर र कागजात सहित यो निवेदन पेश गरेको छु ।

१. प्रस्तावित क्याम्पस/शिक्षण संस्थाको नाम : ..................................................................

२. क्याम्पस/शिक्षण संस्था अधिकार प्राप्त निकायमा दर्ता भएको मिति, निकाय र तत्सम्बन्धी प्रमाण : ...................................................................................................................

३. सम्बन्धन प्राप्त गर्न चाहेको शैक्षिक कार्यक्रम सम्बन्धी विवरण :

(क) शैक्षिक कार्यक्रमको नाम : ..........................................................................

(ख) तह (स्नातक/स्नातकोत्तर/विद्यावारिधी) : ............................................................

(ग) वार्षिक भर्ना सङ्ख्या : ..............................................................................

(घ) भर्नाका लागि आवश्यक योग्यता : ....................................................................

(ङ) कोर्सको अवधि : .....................................................................................

(च) शैक्षिक सत्र प्रारम्भ हुने मिति : ...................................................................

४. प्रयोगशालाको प्रकार र प्रत्येक प्रयोगशालाका मुख्य सामग्रीको सूची : ................................

५. शैक्षिक सुविधाहरूको विवरण : .........................................................................

६. प्रत्येक शैक्षिक कार्यक्रमको लागि उपलब्ध शैक्षिक तथा प्रशासनिक जनशक्तिको विवरण :

(क) शिक्षक/प्राविधिक/प्रशासनिक कर्मचारीहरूको तह र सङ्ख्या, शैक्षिक योग्यता र व्यावसायिक अनुभव : ......................................................................................

(ख) सहायक स्तरका प्राविधिक र प्रशासनिक कर्मचारीहरूको तह र सङ्ख्या, शैक्षिक योग्यता र व्यावसायिक अनुभव : ......................................................................................

७. क्याम्पस/शिक्षण संस्थाको सांगठनिक तालिका : ..........................................................

८. पुस्तकालय तथा पुस्तकालय सामग्रीहरू : ..................................................................

९. भौतिक सुविधाको विवरण :

(क) जमिनको क्षेत्रफल : ......................................................

(ख) खाली जमिनको क्षेत्रफल : ...............................................

(ग) भवनको संरचना :

(१) शैक्षिक : कक्षाकोठा/प्रयोगशाला/पुस्तकालय आदि ।

(२) आवास : शिक्षक, कर्मचारी आवास/विद्यार्थी आवास ।

(३) खेलकुद मैदान ।

(घ) घर जग्गाको स्वामित्वको किसिम (कार्यविधिको नियम ५ अनुसार)

१०. स्वास्थ्य सेवा : ..........................................................................................

११. यातायात सेवा : ........................................................................................

१२. अनुसन्धान, परामर्श विकास कार्यक्रम :

१३. सञ्चालक समितिको गठन, काम, कर्तव्य र अधिकार तथा सञ्चालकहरूको नामावली :

१४. क्याम्पस/शिक्षण संस्थाको स्थापना सम्बन्धी कार्ययोजना :

१५. क्याम्पस/शिक्षण संस्थाको अनुमानित वार्षिक आय-व्यय (रुपियाँमा) :

१६. क्याम्पस/शिक्षण संस्थाको आर्थिक स्रोतका प्रकारहरू :

(क) वार्षिक शिक्षण शुल्क (रुपियाँमा) :

(ख) विविध स्रोत :

आवेदक: (क्याम्पस प्रमुख र सञ्चालक समितिको अध्यक्ष):

(क) क्याम्पस/शिक्षण संस्थाको नाम : (ख) स्थापना मिति : (ग) ठेगाना :

फोन नं. : मोबाइल : फ्याक्स : इमेल :

(घ) क्याम्पस/शिक्षण संस्थाको उद्देश्य :

(ङ) यस क्याम्पस/शिक्षण संस्थाले सुदूरपश्चिम विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरे पश्चात व्यवस्थापनमा हेरफेर, शिक्षण कर्मचारीहरूको परिवर्तन र अन्य कुनै प्रकारको मूलभूत परिवर्तन गर्दा सो कुराको सूचना १५ दिन भित्र विश्वविद्यालयलाई दिइनेछ ।

(च) आवेदन दर्ता शुल्क र आवश्यक कागजात यसै साथ संलग्न छ ।

यसमा माथि लेखिएको व्यहोरा ठीक साँचो छ । कुनै विवरण झुटो भएको पाइएमा यस आवेदन पत्रलाई रद्द गरिएमा समेत हाम्रो पूर्ण मञ्जुरी छ ।

आवेदक क्याम्पस/शिक्षण संस्थाको तर्फबाट :

नाम : पद :

दस्तखत :

मिति :

सम्पर्क ठेगाना :

फोन र मोबाइल फोन फ्याक्स : इमेल :

अनुसूची ३

## सम्बन्धन सम्भाव्यता अध्ययन फारामको ढाँचा
(कार्यविधिको दफा ४ को उपदफा (७) सँग सम्बन्धित)

## सुदूरपश्चिम विश्वविद्यालय, महेन्द्रनगर, कञ्चनपुर
## सम्भाव्यता अध्ययन फाराम

१. **पृष्ठभूमि :**

१.१ प्रस्तावित क्याम्पस वा सम्बन्धन प्राप्त क्याम्पसको नाम :

१.२ ठेगाना :

(क) सडक र टोल : (ख) घर नं.

(ग) जिल्ला : (घ) फोन :

(ङ) इमेल :

१.३ सम्पर्क व्यक्ति :

(क) नाम : (ख) पद :

(ग) फोन : (घ) मोबाइल :

(ङ) इमेल :

१.४ सम्भाव्यता अध्ययन गरिएका कार्यक्रमहरू :

(क)

(ख)

(ग)

१.५ सांगठनिक किसिम :

(क) सामुदायिक (ख) गुठी (ग) सहकारी

(घ) संयुक्त कम्पनी (ङ) साझेदारी (च) एकल कम्पनी

२. **भौतिक सुविधा**

२.१ जग्गा : (क) आफ्नै (ख) भाडामा (ग) आफ्नै र भाडा दुबै

२.२ यदि जग्गा भाडामा लिएको भए : भाडामा लिएको अवधि : ....... वर्ष (.... देखि .....सम्म)

२.३ जग्गाको क्षेत्रफल : (क) भवनले चर्चेको :

(ख) खेलकुदको लागि :

(ग) खुला :

२.४ भवन : (क) भाडामा (ख) आफ्नै (ग) भाडामा र आफ्नै

२.५ यदि भवन भएमा :

२.५.१ प्रशासनिक भवन

| तला | प्रयोग | आकार (वर्ग फिट) | फर्निचर | सङ्ख्या | कैफियत |
|---|---|---|---|---|---|
| | १. क्याम्पस प्रमुख/सह-क्याम्पस प्रमुख कार्यालय | | | | |
| | २. लेखा शाखा | | | | |
| | ३. शैक्षिक प्रशासन | | | | |
| | ४. कर्मचारी प्रशासन | | | | |
| | ५. स्टोर | | | | |
| | ६. सुरक्षा गार्ड पोष्ट | | | | |
| | ७. शौचालय | | | | |
| | ८. मिटिङ्ग हल | | | | |
| | ९. अन्य | | | | |
| | | | | | |
| | | | | | |

२.५.२ शैक्षिक भवन

| तला | प्रयोग | आकार (वर्ग फिट) | फर्निचर | सङ्ख्या | कैफियत |
|---|---|---|---|---|---|
| | १. कक्षाकोठा | | | | |
| | २. सङ्काय कोठा | | | | |
| | ३. प्राध्यापक क्याबिन | | | | |
| | ४. परामर्श कक्ष | | | | |
| | ५. शौचालय | | | | |
| | ६. अन्य | | | | |
| | | | | | |
| | | | | | |

२.५.३ प्रयोगशाला ब्लक/भवन

| तला | प्रयोगशाला | आकार (वर्ग फिट) | उपकरण | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

२.५.४ पुस्तकालय ब्लक/भवन

| तला | प्रयोग | आकार (वर्ग फिट) | उपकरण | कैफियत |
|---|---|---|---|---|
| | १. सरसामान राख्ने कोठा | | | |
| | २. वितरण काउन्टर | | | |
| | ३. पत्रपत्रिका शाखा | | | |
| | ४. पाठ्यपुस्तक शाखा | | | |
| | ५. सन्दर्भ शाखा | | | |
| | ६. अध्ययन शाखा | | | |
| | ७. प्राविधिक शाखा | | | |
| | ८. लाइब्रेरियन शाखा | | | |

| | | | | |
|---|---|---|---|---|
| | ९. शौचालय | | | |
| | १०. अन्य | | | |
| | | | | |

२.५.५ चमेना गृह

| तला | प्रयोग | आकार (वर्ग फिट) | कैफियत |
|---|---|---|---|
| | १. भान्सा कोठा | | |
| | २. डाइनिङ्ग हल | | |
| | ३. भण्डार कोठा | | |
| | ४. अन्य | | |
| | ५. शौचालय | | |
| | ६. अन्य | | |

२.५.६ छात्रावास

| तला | प्रयोग | आकार (वर्ग फिट) | कैफियत |
|---|---|---|---|
| | १. भान्सा कोठा | | |
| | २. डाइनिङ्ग हल | | |
| | ३. भण्डार कोठा | | |
| | ४. विद्यार्थी बस्ने कोठा | | |
| | ५. कमन रुम | | |
| | ६. वार्डेनको कार्यालय | | |
| | ७. रिसेप्सन र पर्खने कोठा | | |
| | ८. शौचालय र बाथरुम | | |
| | ९. अन्य | | |
| | | | |

२.५.७ विद्यार्थी काउन्सिल/विद्यार्थी युनियनको लागि उपलब्ध भवन वा कोठा

| तला | प्रयोग | आकार (वर्ग फिट) | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

२.६ यदि भवनहरू निर्माणाधिन छन् भने

२.६.१ प्रशासनिक भवन

| तला | प्रयोग | आकार (वर्ग फिट) | फर्निचर | सङ्ख्या | कैफियत |
|---|---|---|---|---|---|
| | १. प्राचार्यको कार्यालय | | | | |
| | २. लेखा शाखा | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | ३. शैक्षिक प्रशासन | | | | |
| | ४. कर्मचारी प्रशासन | | | | |
| | ५. स्टोर | | | | |
| | ६. सुरक्षागार्ड पोष्ट | | | | |
| | ७. शौचालय | | | | |
| | ८. अन्य | | | | |

२.६.२ शैक्षिक भवन

| तला | प्रयोग | आकार (वर्ग फिट) | फर्निचर | सङ्ख्या | कैफियत |
|---|---|---|---|---|---|
| | १. कक्षाकोठा | | | | |
| | २. फ्याकल्टी कोठा | | | | |
| | ३. प्राध्यापक क्याबिन | | | | |
| | ४. परामर्श कक्ष | | | | |
| | ५. शौचालय | | | | |
| | ६. अन्य | | | | |
| | | | | | |

२.६.३ प्रयोगशाला ब्लक/भवन

| क्र.सं. | तला | प्रयोगशाला | आकार (वर्ग फिट) | उपकरण | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

२.६.४ पुस्तकालय ब्लक/भवन

| क्र.सं. | तला | प्रयोगशाला | आकार (वर्ग फिट) | उपकरण | कैफियत |
|---|---|---|---|---|---|
| | | १. सरसामान राख्ने कोठा | | | |
| | | २. वितरण काउन्टर | | | |
| | | ३. पत्रपत्रिका शाखा | | | |
| | | ४. पाठ्यपुस्तक शाखा | | | |
| | | ५. सन्दर्भ शाखा | | | |
| | | ६. अध्ययन शाखा | | | |
| | | ७. प्राविधिक शाखा | | | |
| | | ८. लाइब्रेरियन कोठा | | | |
| | | ९. शौचालय | | | |
| | | १०. अन्य | | | |

२.६.५ चमेना गृह

| तला | प्रयोग | आकार (वर्ग फिट) | कैफियत |
|---|---|---|---|
| | १. भान्सा कोठा | | |
| | २. डाइनिङ्ग हल | | |
| | ३. भण्डार कोठा | | |
| | ४. अन्य | | |
| | ५. शौचालय | | |
| | ६. अन्य | | |

२.६.६ छात्रावास

| तला | प्रयोग | आकार (वर्ग फिट) | कैफियत |
|---|---|---|---|
| | १. भान्सा कोठा | | |
| | २. डाइनिङ्ग हल | | |
| | ३. भण्डार कोठा | | |
| | ४. विद्यार्थी बस्ने कोठा | | |
| | ५. कमन रुम | | |
| | ६. वार्डेनको कार्यालय | | |
| | ७. रिसेप्सन र पर्खने कोठा | | |
| | ८. शौचालय र बाथरुम | | |
| | ९. अन्य | | |

२.६.७ विद्यार्थी युनियनको लागि उपलब्ध भवन र कोठा

| तला | प्रयोग | आकार (वर्ग फिट) | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

२.७ खेलकुद सुविधा

(क) आउटडोर

(अ)

(आ)

(इ)

(ख) इन्डोर

(अ)

(आ)

(इ)

## ३. मानव संसाधन (Human Resource)

३.१ अध्यापन गर्न प्रतिबद्धता जनाएका शिक्षकहरू :

| क. सं. | नाम | पद | पूर्णकालीन / आंशिक | शैक्षिक योग्यता | मूल विषय | उच्च शिक्षा शिक्षण अनुभव | कार्यरत संस्था | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

३.२ प्रस्तावित प्रशासनिक कर्मचारीहरू :

| क.सं. | नाम | शाखा | पद | पूर्णकालीन/आंशिक | योग्यता | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

३.३ मानव संसाधनको विकास सम्बन्धी नीति (यदि भएमा)

..........................................................................................................................

..........................................................................................................................

..........................................................................................................................

..........................................................................................................................

## ४. उस्तै प्रकारको कार्यक्रम सञ्चालन गरेका शैक्षिक संस्थाहरूको विवरण

४.१ उस्तै प्रकारको कार्यक्रम सञ्चालन गरेको शैक्षिक संस्थाहरूको विवरण (प्रस्तावित क्याम्पसबाट नजिक भएका मात्र)

| क.सं. | नाम | ठेगाना | कार्यक्रम | स्वीकृत कोठा | सम्बन्धन प्राप्त विश्वविद्यालय वा संस्था | प्रस्तावित क्याम्पसबाट टाढा (अन्दाजी कि.मि. मा) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

## ५. थप कार्यक्रम र समूह थपको लागि आवेदन दिने सम्बन्धन प्राप्त क्याम्पसहरूको लागि मात्र

### ५.१ हाल सञ्चालनमा रहेका कार्यक्रमहरू

| क्र.सं. | कार्यक्रमहरू | स्वीकृत दरबन्दी | सञ्चालन समय | सम्बन्धन प्राप्त मिति |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

### ५.२ पहिलो सेमेस्टरमा/वर्षमा भर्ना भएका विद्यार्थी विवरण

| क्र.सं. | कार्यक्रम | अघिल्लो वर्ष | | यो साल | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | आवेदन सङ्ख्या | भर्ना सङ्ख्या | आवेदन सङ्ख्या | भर्ना सङ्ख्या | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

### ५.३ सम्बन्धन प्राप्त क्याम्पसमा कार्यरत शिक्षकहरूको विवरण

| क्र.सं. | नाम | पद | पूर्णकालीन/आंशिक | शैक्षिक योग्यता | मूल विषय | उच्च शिक्षा शिक्षण अनुभव | मातृ संस्था | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

### ५.४ सम्बन्धन प्राप्त क्याम्पसमा कार्यरत प्रशासनिक कर्मचारीहरूको विवरण

| क्र.सं. | नाम | शाखा | पद | पूर्णकालीन/आंशिक | योग्यता | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

## ६. वित्तीय व्यवस्थापन

६.१ पूँजीको स्रोत

(क) अंशियारहरू/साझेदारहरू/शेयरवालाहरू (ख) मातृ संस्थाहरू

(ग) दाताहरू (घ) वित्तीय संस्थाको ऋण

६.२ यदि पूँजीको स्रोत अंशियारहरू भएमा प्रमोटरहरूको नाम र लगानी तलको तालिकामा उल्लेख गर्ने र अंशियारहरूको नाम अनुसूचीमा उल्लेख गर्नुहोला ।

| क्र.सं. | नाम | लगानी (प्रतिशतमा) | जिम्मेवारी | ठेगाना |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |
| ४. | | | | |
| ५. | | | | |
| ६. | | | | |

६.३ यदि पूँजीको स्रोत मातृ संस्थाहरू भएमा

| क्र.सं. | नाम | लगानी (प्रतिशतमा) | ठेगाना |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |
| ६. | | | |
| | | | |
| | | | |
| | | | |

६.४ यदि पूँजीको स्रोत दाता (Donors) भएमा

| क्र.सं. | दातृ संस्थाको नाम | सहयोग रकम | ठेगाना |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |
| ६. | | | |
| | | | |

६.५ यदि पूँजीको स्रोत वित्तीय संस्थाको ऋण भएमा

| क्र.सं. | वित्तीय संस्थाको नाम | ऋण रकम | ठेगाना |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |
| ६. | | | |
| | | | |

६.६ प्रस्तावित क्याम्पस नाफामूलक संस्था :

(क) भएको (ख) नभएको

६.७ शुल्क संरचना निर्धारण सिद्धान्त :

(क) पारबिन्दुमा (ख) लागत जोड मुनाफा (ग) अन्य

६.८ लागत जोड मुनाफा भएमा लक्षित मुनाफा प्रतिशत : (लगानीमा प्रतिफलको दरमा)

६.९ घर/टहरा भूकम्प प्रतिरोधात्मक : (क) भएको (ख) नभएको

## ७. प्रतिबद्धता पत्र

म, प्रस्तावित क्याम्पसको अधिकृत प्रतिनिधिको हैसियतले यो प्रतिबद्धता गर्दछु कि प्रस्तावित क्याम्पसले सम्बन्धन पाएको अवस्थामा :

(क) क्याम्पसले विश्वविद्यालयको सम्बन्धित सबै नियमावली, विनियम, कार्यविधि पालना गर्नेछ र विश्वविद्यालयको अधिकार प्राप्त अधिकारीले दिएको निर्देशन कार्यान्वयन र पालना गर्नेछ ।

(ख) विश्वविद्यालयले प्रस्तावित क्याम्पस सम्बन्धन दिएमा विश्वविद्यालयको पूर्व स्वीकृति नलिई क्याम्पसले अन्य विश्वविद्यालय र संस्थाहरू (उच्च माध्यमिक शिक्षा परिषद्, प्राविधिक तथा व्यवसायिक तालिम परिषद्) को कार्यक्रमहरू सम्बन्धन लिई आफ्नो हाताभित्र सञ्चालन गर्ने छैन ।

(ग) मैले जाने बुझेसम्म माथि उल्लेखित सबै सूचना र तथ्याङ्कहरू सही छन् ।

सम्बन्धित संस्थाको छाप :

अधिकृत प्रतिनिधि

नाम : हस्ताक्षर :

पद : मिति :

## ८. अध्ययन टोलीको राय सहितको सिफारिस

८.१ राय सहितको सिफारिस

८.१.१ संयोजक

(अ) नाम :

(आ) पद :

(इ) हस्ताक्षर :

८.१.२ विशेषज्ञ

(अ) नाम :

(आ) पद :

(इ) हस्ताक्षर :

८.१.३ सदस्य

(अ) नाम :

(आ) पद :

(इ) हस्ताक्षर :

स्थलगत अध्ययन गरेको मिति :

प्रतिवेदन बुझाएको मिति :